# घरपझोङ राजपत्र

## घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड : ७) जोमसोम, असार ०३ गते, २०८३ साल (संख्या : ०१)**

# भाग - २

**घरपझोङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङको**
**सूचना !**

**घरपझोङ गाउँपालिका बालमैत्री आचार संहिता, २०८३**

**१. प्रस्तावना**

घरपझोङ गाउँपालिकामा बालबालिकाको सर्वोत्तम हित, बालबालिकाको विकास, बाल सहभागिता, बाल बचाउ, बाल संरक्षण र बालबालिकाको हक हितको संस्थागत विकास गर्ने प्रयोजनको लागि स्थानीय बालमैत्री शासन अवलम्बनका लागि अभिभावक, बालबालिका, विद्यालय, विद्यालय व्यवस्थापन समिति, नीजि क्षेत्र, राजनैतिक दल तथा गैर सरकारी संघ संथा तथा गाउँपालिका स्वयम्का लागि यो बालमैत्री आचार संहिता निर्माण गरिएको छ।

**२. उद्देश्य**

(क) बालबालिकाको अधिकारको संरक्षण, सम्मान र प्रवर्द्धन गर्नु,

(ख) बालमैत्री वातावरण सिर्जना गरी बाल हिंसा, दुर्व्यवहार, शोषण र उपेक्षा अन्त्य गर्नु,

(ग) स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, अभिभावक, बालबालिका तथा सेवाग्राहीबीच बालमैत्री व्यवहार प्रवर्द्धन गर्नु ।

**३. लागू क्षेत्र**

यो आचार संहिता घरपझोङ गाउँपालिका भित्र रहेका:

- गाउँपालिका तथा वडा कार्यालय, स्वास्थ्य संस्था

- विद्यालय
- अभिभावक तथा बालबालिका
- स्थानीय संस्थाहरू, सेवा प्रदायक तथा साझेदार संघसंस्थाहरू
- निजी क्षेत्र, राजनैतिक दल
- सार्वजनिक सेवाग्राही सबैमा लागू हुनेछ।

## ४. बालमैत्री मूल सिद्धान्तहरू

- सर्वोत्तम हितको सिद्धान्तः बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता,
- भेदभावरहितताः जात, लिङ्ग, भाषा, अपाङ्गता, धर्म, आर्थिक अवस्था आदिका आधारमा भेदभाव नगर्ने,
- बाल सहभागिताः बालबालिकाको विचार, सुझाव र आवाजलाई सम्मान गर्ने,
- सुरक्षा र संरक्षणः हिंसा, डर, डरत्रास र जोखिमबाट मुक्त वातावरण सुनिश्चित गर्ने।

## ५. आचार संहिता (पालना गर्नुपर्ने व्यवहार)

### (क) बालबालिकाको लागि आचार संहिता

१। नियमित र तोकिएको पोशाकमा विद्यालय जानेछौं ।

२। विद्यालय हाताभित्र विद्यालयको नियम पालना गर्दै अनुशासित बन्ने छौं ।

३। स्थानीय स्तरमा रहेका बाल क्लबहरुमा सक्रिय सहभागिता जनाउँदै कसैलाई पनि भेदभाव गर्ने छैनौं।

४। विद्यालय र समुदायस्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता जनाई निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुने छौं ।

५। बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी हुने छैनौं र अन्यत्र हुन लागेमा पनि निरुत्साहित गर्नेछौं ।

६। हाम्रो आधारभूत आवश्यकताहरु खाना, आवास, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बाल अधिकारका बारेमा जानकारी राख्दै अरुलाई पनि सिकाउनेछौं ।

७। विपन्न र अपाङ्गता भएका साथीहरुलाई सहयोग गर्नेछौं ।

८। आफूसँग सम्बन्धित पारिवारीक छलफल तथा निर्णयमा सहभागी हुनेछौं।

९। समय तालिका अनुसार पढ्ने, लेख्ने, खेल्ने, सुन्ने र सामाजिक सन्जालको प्रयोग गर्नेछौं ।

१०। सुर्तिजन्य एवं मादक पदार्थको प्रयोग तथा खरिद बिक्रीमा संलग्न हुने छैनौं ।

११। बाल अधिकार हनन् भएको अवस्था देखेमा सम्बन्धित निकायमा खबर पुऱ्याउनेछौं ।

१२। अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा फस्ने छैनौं र यस्तो भएमा अभिभावकलाई खबर गर्नेछौं।

१३। हात धुने पर्ने अवस्था बुझ्ने र कार्यान्वयन गर्नेछौं ।

१४। शौचालयको नियमित प्रयोग गर्नेछौं ।

१५।टोल बस्तीमा हुन लागेका तथा भईरहेका बाल विबाह, बाल यौन दुर्व्यबहार तथा बाल श्रम जस्ता कुराहरुको जानकारी सम्बन्धित निकाय तथा अभिभावकलाई जानकारी दिने छौ।

१६। आफु आवद्ध रहेको वा आफुलाई बोलाईएको सामाजिक सस्थांको बैठकमा नियमित र सक्रिय सहभागिता जनाउनेछौ र बाल क्लव मार्फत बाल सहभागिता अभिवृद्धिमा पहल गर्नेछौ।

१७पोषिलो खानेकुरा खानेछौ, भाइवहिनी र साथीहरुलाई पनि खानको लागि प्रेरित गर्नुको साथै ६ महिना सम्मका बालबालिकालाई आमाको दुधमात्र खुवाउनको लागि अभिभावकलाई सचेत गराउनेछौ।

१८।आवश्यक परेको खण्डमा घर परिवारको अनुमति लिएर मात्र बाहिर निस्कनेछौ।

१९।बिद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई अभियान लगायतका राष्ट्रिय तथा स्थानीय अभियानहरुमा बाल क्लव मार्फत सक्दो जनचेतना फैलाउने कार्यमा सहयोग गर्नेछौ।

२०।साना भाइ बहिनीहरुलाई बाल विकास केन्द्रमा भर्ना गर्न अभिभावकहरुलाई प्रेरित गर्नेछौ।

२१। बाल क्लबको बैठकमा नियमित र सक्रिय सहभागिता जनाउनेछौं।

२२।बालमैत्री स्थानीय शासनको दिगोपनका लागि बालक्लवका सदस्यहरु परिचालन हुनेछौ।

**(ख) अभिभावकका लागि आचारसंहिता**

१। विद्यालय उमेरका हाम्रा छोरा छोरीलाई नियमित रुपमा विद्यालय पठाउने छौं ।

२। विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्नेछौं।

३। बालबालिकालाई अनुशासित र योग्य बनाउन बाल क्लब तथा बालबालिकालाई प्रेरित गर्नेछौं ।

४। समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन बालबालिकालाई प्रेरित गर्नेछौं ।

५। बालविवाह, बाल यौन दुर्व्यवहार, बालश्रम जस्ता कुराहरुलाई निरुत्साहित गर्दै बालबालिकालाई सचेत गर्नेछौं ।

६। विपन्न र अपाङ्गता भएका बालबालिकाको आवश्यकता अनुसारको वातावरण सिर्जना गर्नेछौं ।

७। आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह गरिदिने छैनौं ।

८। पढ्ने, लेख्ने, खाने, सुत्ने, खेल्ने र सञ्चार माध्यमको प्रयोग गर्ने समय तालिका बनाई दिनेछौं र नियमित स्वास्थ परिक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउनेछौ।

९। मादक पदार्थ तथा सुर्तिजन्य पदार्थको खरिद बिक्री एवं प्रयोगमा बालबालिकालाई संलग्न गराउने छैनौं र बालबालिकाको अगाडि पनि प्रयोग गर्ने छैनौं।

१०। कुलत तथा दुर्व्यसनमा फस्न नदिनुका साथै घर परिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्नेछौं ।

११। अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउनेछौ।

**१२।** बाल क्लव तथा बालबालिकालाई आवद्ध भएको सामाजिक सघंसंस्थाको कार्यक्रम तथा बैठकमा सहभागिताको लागि प्रेरित गर्नेछौ।

**१३।** सहज तथा बालमैत्री धारा, शौचालय तथा आवासको व्यवस्था गरिदिनेछौं।

**१४।** नियमित सरसफाई जस्तै नङ् काट्ने कपाल कोर्ने ब्रस गर्ने साबुन पानीले हात धुने नुहाउने आदि कुराको ख्याल गर्नेछौ।

**१५।** समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाउने तथा पोषणयुक्त खानेकुरा खाने व्यवस्था गर्नेछौ।

**१६।** आवश्यक परेको बेला बालबालिकाको उपस्थितिको आवश्यकतालाई मध्यनजर गर्दै सम्बन्धित क्षेत्रमा सहभागी गराउनेछौं।

**१७।** बालबालिकालाई समयमा बिद्यालय भर्ना गर्ने, खोप लगाउने कार्य गर्नुका साथै सरसफाईमा विशेष ध्यान दिनेछौं।

१८। समयमा आफ्नो बालबालिकाको जन्मदर्ता गरिदिनेछौं।

१९। साना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्नेछौं।

२०। बालमैत्री स्थानीय शासनको प्रवर्द्धन तथा कार्यान्वयनमा पूर्ण प्रतिबद्धताका साथ लाग्नेछौं।

**(ग) विद्यालय/विद्यालय व्यवस्थापन समितिले पालना गर्नुपर्ने आचारसंहिता**

१। बालबालिकालाई लागु पदार्थ तथा लागु पदार्थजन्य सामग्री प्रयोगमा निरुत्साहित गर्नेछौं।

२। बालबालिकामाथि गरिने हिंसा, दुर्व्यवहार, शोषण रोक्न व्यवहारमा लागु गर्नेछौं र सचेतना फैलाउनेछौं।

३। शिक्षक र विद्यालय व्यवस्थापन समितिको नीति नियम जिम्मेवारीका साथ पालना गर्नेछौं।

४। बालबालिकालाई अनिवार्य रूपमा विद्यालयको पहुँचमा ल्याउनेछौं तथा विद्यालयमा विद्यार्थीको टिकाउका लागि विशेष पहल गर्नेछौं।

५। बालक्लबको आवश्यकता र महत्वबारे बुझाउने, बालक्लब गठन र परिचालनमा सहयोग गर्नेछौं।

६। बालबालिकाको विचार र भावनाको कदर गर्दै कुनै पनि प्रकारको प्रतिकूल व्यवहार गर्ने छैनौं।

७। बालबालिकाको सरोकार राख्ने विद्यालयका कार्यक्रमहरूमा अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नेछौं।

८। बालक्लब गठन गर्न प्रोत्साहन गर्दै व्यवस्थापन समितिको बैठक तथा विद्यालयले सञ्चालन गरेका क्रियाकलापहरूमा बालबालिकाको सहभागिता गराउनेछौं।

९। पूर्णपोषण र सुरक्षित मातृत्व सम्बन्धी समेत बालबालिकालाई चेतना फैलाउनेछौं।

१०।बालबालिकालाई जाति, धर्म, पेशा, लिङ्ग, भाषा र वर्गको आधारमा विभेद गर्ने छैनौं।

११। बालबालिकालाई हिंसा, यातना, दुर्व्यवहार, शोषण जस्ता अमानवीय कार्यबाट बचाउन बालसंरक्षण नीति कडाइका साथ कार्यान्वयन गर्नेछौं।

१२।विद्यालय र बालबालिकाको सरसफाइमा विशेष ध्यान दिनेछौं।
१३।विद्यालय भर्ना हुँदा अनिवार्य जन्मदर्ता गराउन आग्रह गर्नेछौं।
१४।गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नका साथै निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउनेछौं।
१५।विद्यालय हाताभित्र मद्यपान गरी आउने छैनौं र धूम्रपान गर्ने छैनौं र सचेत गराउनेछौं।
१६। अपाङ्गता भएका बालबालिकाहरूको विकास र सहभागितामा ध्यान दिनेछौं।
१७।विद्यालयमा रहेका बालबालिका कुनै पनि प्रकारको जोखिममा रहेको बारेमा थाहा पाए सम्बन्धित निकायमा जानकारी दिनेछौं।
१८।विद्यालयमा राजनीतिक, धार्मिक, साम्प्रदायिक वा कुनै किसिमको प्रभावलाई न्यून गरी विद्यालयलाई शान्ति क्षेत्रको रूपमा विकास गराउने।

**<u>(घ) गाउँपालिकाको लागि आचारसंहिता</u>**

१। प्रत्येक बिद्यालयका सेवा क्षेत्र भित्र रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई अनिवार्य रुपमा बिद्यालयको पहुचँमा ल्याउनेछौं।
२। बिद्यालयमा बालबालिका, अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको निर्माण र कार्यान्यनमा सचेत गराउनेछौं।
३। बालबालिका तथा अभिभावकलाई बाल क्लवको महत्वबारे सचेत गराउनेछौं।
४। घर परिवार र समाजमा बालमैत्री वातावरण सिर्जना गर्ने अभिप्रेरित गर्नेछौं।
५। बालबालिका माथि गरिने हिसां दुर्व्यवहार तथा बालश्रम शोषण रोक्न सचेतना फैलाउनैछौं।
६। बाल अधिकारको संरक्षण गर्दै बालबालिका तथा अभिभावकलाई बाल अधिकार सम्बन्धी सचेत गराउनेछौं।
७। गरिव तथा जेहेन्दार बिद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्नुका साथै प्रत्येक सघं संस्थामा निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउनैछौं।
८। पालिका क्षेत्र भित्रका बालबालिकालाई नागरिक मञ्च ,स्वास्थ संस्था र सहभागितात्मक योजना तर्जुमा प्रकृयाका चरणमा बालबालिकाको सक्रिय सहभागिताको सुनिश्चितता गर्नेछौं।
९। सार्वजनिक स्थानमा बालश्रमको अवस्था रहन नदिनुका साथै बाल विवाह तथा बाल यौन दुर्व्यवहारलाई अन्त्य गर्न सधै प्रयासरत रहनेछौं।
१०।धुम्रपान , मध्यपान सुर्तिजन्य सामाग्रीहरु खरिद तथा विक्री गर्न बालबालिकालाई नलगाउनको लागि कानुन निर्माण र कार्यान्वयन गर्नेछौं।
११।बाल अधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्नेछौं।

१२। बाल सुचना केन्द्रको स्थापना गर्नेछौं।

१३। बिद्यालय व्यवस्थापन समिति, बिभिन्न सामजिक संरचना, बालबालिकासगँ प्रत्यक्ष सरोकार राख्ने संस्थामा बालबालिकालाई अर्थपुर्ण सहभागी गराउनेछौं।

१४।सहज सरल तथा बालमैत्री कक्ष निर्माण गर्नेछौं।

१५।स्वच्छ पिउने पानीको व्यवस्था गर्नुका साथै सरसफाई सम्बन्धी सचेतना जगाउनेछौं।

१६। पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको बिषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउनेछौं।

१७ घर बाहिर निस्कदा बालबालिका माथि हुनसक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपायबारे सचेत गराउनेछौं। ।

१८।बिद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगायतका राष्ट्रिय अभियानहरु सञ्चालन गर्नेछौं।

१९।बाल बिकास केन्द्रको स्थापना तथा सञ्चालन गर्नेछौं।

२०।वडामा कम्तीमा एउटा बालमैत्री पार्क निर्माण गर्नेछौं।

२१। ठण्डारहित शिक्षा प्रणाली कार्यान्वयन गर्दै बालमैत्री बिद्यालय निर्माण गर्नेछौं।

२२।बिद्यालयमा आचारसहिंता बनाउँदा बालबालिकाले सजिलै भेट्ने स्थानमा गुनासो पेटिका राख्ने।

२३। वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अनुगमन गरी तथ्याङ्क अध्यावधिक गर्ने।

२४। बालक्लव आवश्यकता र महत्त्वबारे बुझाउने, बालक्लव गठन र परिचालन गर्नेछौं।

२५।बालस्वास्थ्य र सुरक्षित मातृत्व सम्वन्धी जनचेतना फैलाउनेछौं ।

२६। जन्मदर्तालाई शतप्रतिशत बनाउने छौं र यसलाई निरन्तरता दिनेछौं।

२७बालमैत्री स्थानीय शासन दिगोपनाका लागि पुर्ण रुपमा समर्पित हुनेछौं।

**(ङ) नीजि क्षेत्रको आचारसंहिता**

१। बालबालिकाहरुलाई सुर्तिजन्य, नसालु र मादक पदार्थजन्य सामग्री विक्री वितरण गर्ने छैनौं ।

२। बालबालिकालाई कुनै प्रकारको श्रमजन्य कार्यमा संलग्न गराउने छैनौं ।

३। बालबालिकामाथी हानी हुने कुनै प्रकारको कार्य गर्ने छैनौं ।

**(च) राजनैतिक दल तथा गैरसरकारी क्षेत्र**

१। बालबालिका सम्वन्धि कार्यक्रमहरुमा बालबालिकाको सहभागितालाई महत्त्व दिईनेछ ।

२। बालबालिकाहरुलाई कुनै प्रकारका ऱ्याली जुलुसहरुमा संलग्न गरिने छैन ।

३। बालबालिका सम्बन्धी कार्यक्रमहरुलाई गाउँपालिकाको एकद्वार प्रणाली मार्फत सञ्चालन गर्नेछौं ।

४। बालबालिकालाई कुनैपनि राजनैतिक गतिविधिमा संलग्न गर्ने छैनौ ।

**६. उजुरी र कारबाही व्यवस्था**

१। बालअधिकार उल्लङ्घन सम्बन्धी उजुरी वडा कार्यालय वा गाउँपालिकामा दिन सकिनेछ।

२। उजुरीको गोपनीयता सुनिश्चित गरिनेछ।

३। प्रचलित कानून बमोजिम दोषीमाथि कारबाही गरिनेछ।

**७. कार्यान्वयन र अनुगमन**

१। गाउँपालिकाले बालमैत्री आचार संहिताको नियमित अनुगमन गर्ने।

२। आवश्यक परे तालिम, अभिमुखीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

३। बालबालिका र समुदायको सहभागितामा समीक्षा गर्ने।

**८. अन्तिम व्यवस्था**

यो बालमैत्री आचार संहिता घरपझोङ गाउँपालिकाबाट स्वीकृत भै राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ र आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ।

**आज्ञाले,**

भिम कुमार बस्नेत

**घरपझोङ गाउँ कार्यपालिकाको**

**प्रमुख प्रशासकीय अधिकृत**

मितिः २०८३/०३/०३